नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

फोन नं.:- ०५७-५२०४९५
फ्याक्स नं.:- ०५७-५२३८२२
ईमेल:-daomakawanpur@moha.gov.np
फेसबुक पेज:-www.facebook.com/daomakawanpur
वेबसाइट:-http://daomakawanpur.moha.gov.np/

पत्र संख्या:- ०८२/८३
चलानी नम्बर:-

मिति:- २०८३-०३-३०
ने.सं.:- ११४६ तछलागा ३०, मंगलबार

## अत्यन्त जरुरी सूचना।

मिति २०८३ साल असार २८ गते रातिदेखि परेको अविरल वर्षाका कारण मकवानपुर जिल्लाका विभिन्न स्थानमा बाढी, पहिरो तथा खोलानालामा पानीको बहाव बढ्दै गएको, मौसम पूर्वानुमानअनुसार थप वर्षा हुने सम्भावना रहेको, बागझोर क्षेत्रमा जुनसुकै समयमा ग्रेगनसहितको पानीको भेल आउन सक्ने जोखिम रहेको, भीमफेदीस्थित बेलिब्रिज मर्मतको क्रममा रहेको तथा वैकल्पिक डाइभर्सन बाढीले बगाएको, साथै हेटौंडा–भीमफेदी–सिस्नेरी हुँदै काठमाडौं जाने सडकखण्डमा वर्षा हुनासाथ ढुङ्गा खस्ने तथा पहिरो जाने उच्च जोखिम कायम रहेकाले यात्रुको सुरक्षा तथा सम्भावित सडक दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले देहायबमोजिम सवारी साधनको आवागमन बन्द गर्ने निर्णय गरिएको छ। साथै, हाल कायम रहेको विपद्को जोखिमलाई दृष्टिगत गरी अत्यावश्यक अवस्थाबाहेक रात्रीकालीन समयमा कुनै पनि सडकमार्गमा यात्रा नगर्न सम्पूर्ण सवारी चालक तथा यात्रुहरूमा अनुरोध गरिन्छ। यसैगरी, कान्ति राजपथमा सवारी आवागमन बन्द गर्ने सम्बन्धी साविक व्यवस्था यथावत् कायम रहने व्यहोरा समेत जानकारी गराइन्छ। साथै, कुनै विपद्जन्य घटना घट्न गएमा वा आपत्कालीन अवस्था सिर्जना भएमा तत्काल जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र (DEOC) को निशुल्क सम्पर्क नं. १२३४, सम्बन्धित स्थानीय तह, स्थानीय जनप्रतिनिधि, नजिकको सुरक्षा निकाय तथा स्थानीय प्रशासनलाई यथाशीघ्र जानकारी गराउनु हुन समेत अनुरोध छ।

| सडकमार्ग | सवारी साधन सञ्चालन बन्द हुने अवधि |
|---|---|
| हेटौंडा–भैँसे–काठमाडौं सडकमार्ग | मिति २०८३ साल असार ३० गते मंगलबार बेलुकी ६:३० बजेदेखि मिति २०८३ साल असार ३१ गते बुधवार बिहान ५:०० बजेसम्म |
| हेटौडा हुँदै काठमाडौं जाने कान्तिराज मार्ग | मिति २०८३ साल असार ३० गते मंगलबार बेलुकी ६:३० बजेदेखि मिति २०८३ साल असार ३१ गते बुधवार बिहान ५:०० बजेसम्म |

२०८३।०३।३०

मोहनराज जोशी
स. प्रमुख जिल्ला अधिकारी